पाठ
३

# तपाईं कस्तो भएको र तपाईंले के गरेको परमेश्वरले चाहनुहुन्छ

के तपाईंले साइकल चलाउन सिक्नुभएको छ? यदि सिक्नुभएको छ भने, तपाईंलाई यो कुरा थाहा छ कि सिकारू हुँदा एकै पल्टमा तपाईंले धेरै कुराहरू सिक्नुपर्छ। एकै पल्टमा तपाईंले पाउदानी पनि चलाउनुपर्छ र हैण्डललाई पनि सीधा राख्नुपर्छ। त्यसको साथसाथै आफूलाई साइकलमा सन्तुलन राखी सड़कका नियमहरूको आज्ञापालन पनि गर्नुपर्छ। साइकल चलाउन जान्ने व्यक्तिले यी कुराहरूका बारेमा विचारै नगरी ती गरिराखेको हुन्छ, तर तपाईंले ती कुराहरू गर्न सक्नुभएन।

तब कसरी तपाईंले साइकल चलाउन सिक्नुभयो? साइकल चलाउन सिपालु भएका व्यक्तिले तपाईंलाई सहायता पुर्‍याए होलान्। तपाईंले के गर्नुपर्ने हो र सड़कका नियमहरू कसरी पालन गर्नुपर्ने हो त्यस विषयमा उनले तपाईंलाई व्याख्या गरे होलान्। के गर्नुपर्ने हो भन्ने विषयमा उनी साइकलमा चढ़ी तपाईंलाई देखाए होलान्। तपाईं आफैले चलाउने कोशिश गर्नुहुँदा के तपाईं लड्नु पनि भयो? साइकल चलाउन सिकाउने व्यक्तिको जस्तै सन्तुलन प्राप्त नगरुञ्जेलसम्म तपाईंले सिकिरहनु-



पऱ्यो र यसो गर्नको निम्ति उनले तपाईंलाई सहयोग पनि गरे होलान्।

परमेश्वरले चाहनुभएझैं जिउनु पनि यस्तै हो। हामीहरू सबै उहाँजस्तै भएका परमेश्वरले चाहनुहुन्छ र उहाँ असल, प्रेमी र धर्मी हुनुहुन्छ भनी तपाईंलाई थाहा छ। हामी ख्रीष्टियान बनेपछि आफ्नै किसिमले त्यसरी जिउन सक्दैनौं। सिद्ध परमेश्वरले तपाईंलाई कसरी लिनुहुन्छ, बताउनुहुन्छ, दोहोऱ्याउनुहुन्छ, र अझै उहाँजस्तै हुनलाई सहायता गर्नुहुन्छ सो कुरा यस पाठले देखाउनेछ।

**यस पाठमा तपाईंले यी कुराहरूको अध्ययन गर्नुहुनेछ. . .**

- तपाईंलाई सहायता गर्नको निम्ति विवेक
- तपाईंलाई अगुवाइ गर्नको निम्ति बाइबल
- तपाईंलाई बाटो देखाउनका निम्ति मुक्तिदाता
- तपाईंलाई अगुवाइ गर्नका निम्ति पवित्र आत्मा

**यस पाठले तपाईंलाई यी कुराहरूमा सहायता पुऱ्याउनेछ. . .**

- कसरी जिउनुपर्ने हो भन्ने विषयमा परमेश्वरले प्रयोग गर्नुभएका उपायहरूलाई परिचित गर्न सक्न।
- अझै जिम्मेवारीपूर्ण जीवन जिउनको निम्ति परमेश्वरले तपाईंलाई दिनुभएका सहायकहरूलाई पूर्ण रूपमा सदुपयोग गर्न सक्न।
- जीवनमा ठीक कुराहरू छानिएका छन् भनी निश्चित हुनको निम्ति चार तरीकाहरूका नाम दिन सक्न।

## तपाईंलाई सहायता गर्नको निम्ति विवेक

उद्देश्य १ *विवेकलाई परिभाषित गर्नुहोस् र तपाईं अझै उत्तम ख्रीष्टियान हुनको निम्ति यसले गर्ने सहायताको वर्णन गर्नुहोस्।*

सबै मानिसहरूमा विवेक छ। के कुरा असल र ठीक छ भन्ने बारेमा यो भित्री सचेतना हो। तपाईं ख्रीष्टियान बन्नुभन्दा पहिले पनि, तपाईंको विवेकले ठीक र बेठीकको बारेमा छुट्ट्याउनलाई केही हदसम्म सहायता गरेकै थियो। कुनै काम गर्नुपर्छ वा कुनै काम गर्नुहुँदैन भनी तपाईंले आफूभित्र अनुभव गर्नुहुन्थ्यो। तपाईंको आफ्नो विवेकले भनेअनुसार तपाईंले गर्नुहुँदा तपाईं धेरै पापका कामहरूबाट बच्नुभयो र धेरै असल कामहरू पनि गर्नुभयो होला। अन्यजातिका बारेमा कुराकानी गर्दा प्रेरित पौलसले यस कुरालाई व्याख्या गरेका छन्। तिनीहरूले परमेश्वरका व्यवस्था नजानेका भए तापनि भित्रिय भावनाको कारणले नै तिनीहरूले असल कार्यहरू गरिरहेका थिए। पौलस भन्छन्ः

> व्यवस्थाले चाहेका कुराहरू आफ्ना हृदयमा लेखिएका तिनीहरू देखाउँछन्, र तिनीहरूको आफ्नै विवेकले पनि

> गवाही दिन्छ, र तिनीहरूका विचारहरूले कहिले तिनीहरूलाई देष्याउँछन्, र कहिले समर्थन गर्छन् (रोमी २:१५)।

विवेक असल कुरा हो। हामीलाई सहायता पुऱ्याउनको निम्ति यो परमेश्वरको वरदान हो। यसलाई सन्तुलनको आत्मिक सचेतना पनि भन्न सकिन्छ। हामीलाई हिंड्न वा साइकल चलाउन सहायता पुऱ्याउने सन्तुलनको स्वाभाविक सचेतनाजस्तै हाम्रो विवेक पनि सीमित र असिद्ध छ। निपुण चालक पनि असन्तुलनको कारणले कहिलेकहीँ लड्न सक्छन्। यसै गरी नै उत्तम मानिसहरू पनि पापमा पतन हुन्छन्, किनभने तिनीहरूका विवेकले तिनीहरूलाई थामिराख्न सक्दैन। कोही मानिसहरूले आफ्ना विवेकको आवाजलाई सुन्न घरीघरी इन्कार गरिरहेका हुनाले तिनीहरूका विवेक कामै नलाग्ने हुन्छ। असल बाटोलाई वास्तै नगरीकन खराब बाटोमा लाग्ने मानिसहरू यी हुन् र तिनीहरूका बाटोमा काँढ़ा र सिउँड़ीहरू भरिएका हुनाले, अन्तमा तिनीहरूले यसलाई प्रयोग नै गर्न सक्दैनन्। बाइबलले यस्ता मानिसहरूका बारेमा बताउँछ, "जसका विवेक तातो फलामले डामेको जस्तै मरेको हुन्छ" (१ तिमोथियस ४:२)।

ख्रीष्टियानहरू त्यस्ता हुँदैनन्। जब तिनीहरूले नयाँ जन्म पाउँछन्, तिनीहरूको खराब विवेकलाई फेरि नयाँ तुल्याइन्छ। ख्रीष्टको मृत्युले हाम्रो विवेकलाई ठीक पारेको छ भन्ने कुरा देखाउँदै हिब्रूको पुस्तकका लेखकले हामीलाई उत्साह दिएका छन्।

> तिमीहरूले जीवित परमेश्वरको सेवा गर्न सक भनेर ख्रीष्टको रगतले त झन् कति बढ़ी गरी तिमीहरूका विवेकलाई मरेका कामहरूबाट शुद्ध पार्नेछ (हिब्रू ९:१४)।

ख्रीष्टले हाम्रा हृदयहरूलाई शुद्ध पारेर हामीलाई क्षमा दिनुभएको हुनाले बितेका दिनका पापहरूका बारेमा हाम्रो विवेकले हामीलाई दोष्याउँदैन।

यसको सट्टामा त हामीले ठीक कार्य गरिरहेका छौं भनी हामीलाई निश्चित तुल्याउन विवेकचाहिँ पवित्र आत्माको साधन बनिदिन्छ। हिब्रूका लेखकले प्रार्थनाको निम्ति बिन्ती गर्दै यसो भनेका छन्ः

> हाम्रा निम्ति प्रार्थना गर। हामीलाई निश्चय छ कि हाम्रो स्वच्छ विवेक छ, र सबै कुरा ईमानदारीसाथ गर्ने हाम्रो अभिलाषा छ (हिब्रू १३ः१८)।

तपाईंले खराब काम गर्ने विचार गर्नुहुँदा तपाईंलाई चेताउनी दिएर र असल काम गर्न चाहदा तपाईंलाई शान्ति दिएर असल कामहरू गर्नका निम्ति तपाईंको विवेकले तपाईंलाई सहायता पुर्‍याउँछ। शान्त विवेक नै शुद्ध विवेक हो (१ पत्रस ३ः१६)। पौलसले तिमोथियसलाई दिएको सल्लाह ठूलो उत्साह र ठूलो चेताउनी होः

> विश्वास र स्वच्छ विवेक कायम राख। कुनै-कुनै मानिसले विवेकलाई इन्कार गरेर आफ्नो विश्वासको जहाज डुबाएका छन् (१ तिमोथियस १ः१९)।

**तपाईंको अभ्यासको निम्ति**

**१** विवेकको बारेमा भएका *ठीक* बयानहरूका अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्।

**क**) अख्रीष्टियानहरूसँग मात्र विवेकहरू छन्।

**ख**) ख्रीष्टियानहरूका विवेकहरूलाई ख्रीष्टले नयाँ पार्नुहुन्छ।

ग) नयाँ पारिएको विवेक पवित्र आत्माको साधन हो।
घ) विवेक कहिल्यै पनि गल्ती हुन सक्दैन।
ङ) ख्रीष्टियानको स्वच्छ विवेक हुनैपर्छ।

२ तल उल्लेखित पदलाई आफ्नो अभ्यास-पुस्तिकामा लेख्नुहोस्, यसलाई कण्ठ गर्नुहोस् र अगुवाइको निम्ति यसलाई प्रयोग गर्नुहोस्। कुनै काम गर्नुपर्ने हो वा नगर्नुपर्ने हो भन्ने सम्बन्धमा निर्णय बनाउनुपर्दा, कुनचाहिँ काम गर्दा स्वच्छ विवेक हुन्छ सो ध्यान दिनुहोस्।

यसैले परमेश्वरप्रति र मानिसहरूप्रति म सधैं शुद्ध विवेक राख्ने प्रयत्न गर्दछु (प्रेरित २४:१६)।

पाठको अन्तमा दिइएका उत्तरहरूसँग आफ्ना उत्तरहरूका जाँच गर्नुहोस्।

## तपाईंलाई अगुवाइ गर्नको निम्ति बाइबल

उद्देश्य २ *ख्रीष्टियान जीवन जिउनको लागि बाइबलले तपाईंलाई कसरी अगुवाइ गर्न सक्छ वर्णन गर्नुहोस्।*

परमेश्वरले आफैलाई बाइबलमा प्रकट गर्नुभएको छ भन्ने कुरा यसभन्दा पहिलेको पाठमा पनि तपाईंले सिकिसक्नुभएको छ। विभिन्न व्यक्ति र इस्राएल राज्यसँग परमेश्वरको सम्बन्धको बारेमा पुरानो करारले बताउँछ भन्ने कुरा तपाईंलाई थाहा छ। परमेश्वरले त्यसै गरी आफ्नो चरित्र र स्वभावको बारेमा प्रकट गर्न चाहनुभएको थियो। येशू ख्रीष्टमा परमेश्वर पूर्ण रूपमा प्रकट हुनुभएको छ भनी नयाँ करारले हामीलाई बताउँछ। सुसमाचारहरूले येशूको बारेमा बताउँछन् र उहाँका शिक्षाहरू दिन्छन्। प्रेरितको पुस्तकले विभिन्न घटनाहरूको उल्लेख गर्छ;

पत्रहरूले शिक्षाहरूको व्याख्या गर्छन्; प्रकाशको पुस्तकले घटनाहरूको अन्तको विजयताको बारेमा बताउँछ।

बाइबलले हामीलाई बताउनुपर्ने धेरै महत्त्वपूर्ण कुराहरू छन्, त्यसैले हामीलाई पूरै बाइबल किन चाहिन्छ भनी बुझ्न सजिलो छ। परमेश्वरले आज हाम्रो निम्ति किन आफ्नो वचन उपलब्ध गरिदिनुभएको छ भन्ने कुरा ख्रीष्टियान लगायत धेरै मानिसहरूले बुझेका छैनन्। बाइबलले नै यस सम्बन्धमा अति उत्तम उत्तर दिएको छः

सम्पूर्ण पवित्र-शास्त्र परमेश्वरको प्रेरणाबाट आएको हो, र यो सिकाउनलाई, अर्ती दिनलाई, सच्याउनलाई, धार्मिकतामा तालीम दिनलाई लाभदायक हुन्छ (२ तिमोथियस ३:१६)।




पवित्र-शास्त्र परमेश्वरद्वारा हामीलाई दिइएको हो र ती हाम्रा निम्ति लाभदायक छन्। परमेश्वरको बारेको सत्यता हामीलाई सिकाउनको निम्ति ती लाभदायक छन्। साँचो परमेश्वरको बारेमा ठीक कुराहरू र ख्रीष्टमा भएको हाम्रो नयाँ जीवनको बारेमा पवित्र-शास्त्रले हामीलाई सिकाउँछन्। त्यसैले हामी अज्ञानी भएर भूल गर्नुपर्ने आवश्यकता छैन। हाम्रो जीवनमा भएका गल्ती कुराहरूलाई ठीक बनाउनको निम्ति परमेश्वरको सहायताको लागि हामी बिन्ती गर्न सक्छौं। ठीक जीवन जिउनको निम्ति बाइबलको स्वच्छ शिक्षाले हामीलाई अगुवाइ गर्नेछ।

परमेश्वरका जस्तै स्वभाव र कार्यहरूमा यदि हामी परिवर्तन भएनौं भने बाइबलको सबै ज्ञान नै हाम्रो लागि त्यति लाभदायक हुँदैन। परमेश्वरले हाम्रो जीवनलाई परिवर्तन गर्नुभएको होस् भन्ने इच्छा मात्र गर्नु पनि त्यति फाइदाजनक छैन। हामीले परमेश्वरको वचन सुन्नु र बुझ्नु आवश्यक छ।

भजनसंग्रहका लेखकले परमेश्वरको वचनलाई ठूलो आदर दिएका थिए। उनले भनेः

> तपाईंको वचन मेरो खुट्टाको निम्ति बत्ती र मेरो बाटोको निम्ति उज्यालो छ। तपाईंको न्यायका वचनहरू पालन गर्नेछु भनेर मैले शपथ खाएको छु, र त्यसलाई पक्का गरेको छु (भजन ११९:१०५-१०६)।

हाम्रो ख्रीष्टियान जीवनलाई अगुवाइ गर्नको निम्ति बाइबल पूर्ण सक्षम छ। त्यसैले हाम्रो अस्तित्व, भावना र कार्यको सम्बन्धमा भएका प्रश्नहरूका जवाफ प्राप्त गर्नलाई हामीले निरन्तर रूपमा पवित्र-शास्त्रलाई नै हेर्नुपर्छ।

बाइबलमा निर्देशनहरू समावेश गरिएका छन्। यी पालन गरिनै पर्ने निश्चित नियमहरू हुन्। बाइबलले व्यावहारहरूको तरीकालाई पनि उल्लेख गर्छ। हामीले कसरी कार्य गर्नुपर्छ भन्ने कुराहरूको निर्णय गर्न यिनीहरूले हामीलाई सहायता पुऱ्याउँछन् र यसै गर्नुपर्छ भन्ने कुरामा चाहिँ करकाप लाउँदैनन्।

अन्तमा बाइबलले हामीहरूलाई उदाहरणहरू दिएको छः मानिसहरूले परमेश्वरका नियमहरू र सङ्गतिहरूको पालन गर्छन् वा विरोध गर्छन् र उहाँका नमूनाहरूको स्वीकार गर्छन् वा इन्कार गर्छन्। असल कुराको नमूना पछ्याएको परमेश्वरले चाहनुहुन्छ भन्ने कुरामा कुनै शङ्का छैन। परमेश्वरलाई खुशी तुल्याउने कार्यहरू गर्न असल कामले हामीलाई प्रेरणा दिन्छ।

खराब भावना र कामहरूले परमेश्वरलाई दुःखी तुल्याउँछ भन्ने कुरा खराब कार्यहरूले नै हामीलाई चेताउनी दिन्छ।

परमेश्वरको वचन धेरै व्यावहारिक छ र यसले वास्तविक कुरा बताउँछ। यदि हामीले हाम्रो जीवनलाई परमेश्वरको इच्छाअनुसार चलाउन चाहन्छौं भने हामी व्यावहारिक भएर हामीले परमेश्वरको वचनलाई जान्नुपर्छ। परमेश्वरको वचन जान्नको निम्ति आज्ञा पालन गर्ने इच्छा र अध्ययनप्रतिको अनुशासन हुनुपर्छ र जीवनमा साँचो आनन्द प्राप्त गर्ने तरीका पनि यही नै हो।

> धन-सम्पत्तिमाभन्दा पनि तपाईंका साक्षी-वचनहरूको मार्गमा म आनन्दित भएको छु। तपाईंका आदेशहरूमा म ध्यान दिनेछु र तपाईंका मार्गहरूलाई म आदर गर्नेछु। तपाईंका नियमहरूमा म स्वयम् रमाउनेछु। तपाईंका वचन म बिर्सनेछैन (भजनसंग्रह ११९:१४-१६)।

**तपाईंको अभ्यासको निम्ति**

**३** प्रत्येक *ठीक* बयानको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्।

**क**) तपाईंको भलाइको निम्ति नै बाइबल परमेश्वरको प्रेरणाद्वारा लेखिएको हो।
**ख**) सत्यता सिकाउनको निम्ति बाइबल उपयोगी छ।
**ग**) यस जीवनमा ठीक किसिमले जिउन सक्नको निम्ति ख्रीष्टियानहरूलाई सहयोग पुऱ्याउन बाइबल दिइएको हो।
**घ**) तपाईंले जे-जे गर्नुहुँदैन सो कुराको सूची मात्र बनाउने पुस्तक बाइबल हो।

ङ) बाइबलमा असल निर्देशनहरू र जिउनको निम्ति नमूनाहरू छन्।

४ यस खण्डमा दिइएका बाइबलका तीनवटा पदहरूमध्ये एउटा पद लिनुहोस् र यसलाई तपाईंको अभ्यास-पुस्तिकामा लेख्नुहोस्। तपाईंको ख्रीष्टियान जीवनमा बाइबल कति धेरै महत्त्वपूर्ण छ भन्ने कुरा अरूहरूलाई बताउन सकनको निम्ति यसलाई कण्ठ गर्नुहोस् र अध्ययन गर्नुहोस्।

## तपाईंलाई बाटो देखाउनको निम्ति मुक्तिदाता

उद्देश्य ३ *कसरी येशू तपाईंका उदाहरण र साथसाथै प्रभु र मुक्तिदाता हुनुहुन्छ व्याख्या गर्नुहोस्।*

बाइबलले हामीलाई प्रदान गरेको सबैभन्दा मूल्यवान् उदाहरण हाम्रा प्रभु येशू ख्रीष्ट नै हुनुहुन्छ। येशू तपाईंका मुक्तिदाता हुनुहुन्छ भनी तपाईंले अरूहरूलाई बताउनुभएको होला। तपाईंले सधैंभरि उहाँलाई आफ्ना प्रभुका रूपमा विचार गरिरहनुभएको होला। यसो गर्नु ठीक र असल हो। मुक्तिविना तपाईंले कसरी नयाँ जीवनको अनुभव गर्न सक्नुभयो त? प्रभुको अधीनमा नरहीकन तपाईं कसरी जिउन सक्नुभयो त? जब हामी *येशू-लाई* हाम्रा हृदयहरूमा ग्रहण गर्छौं, उहाँले हामीलाई उद्धार गरी सुरक्षित राख्नुहुन्छ। येशूचाहिँ *ख्रीष्ट* हुनुहुन्छ र तपाईं-चाहिँ *ख्रीष्टियान* हुनुहुन्छ। त्यस शब्दको अर्थ यही नै हुन्छ कि तपाईं ख्रीष्टको पछि लाग्ने वा उहाँको चेला हुनुहुन्छ। आफ्ना मालिकको जस्तै विचार र काम गर्न सिक्नेलाई चेला भनिन्छ।

"अगुवाको पछि लाग" भन्ने खेल के तपाईंले कहिल्यै खेल्नुभएको छ? अगुवाले उफ्रने, निहुँरने, हिँड्ने कार्यहरू

गर्छन् र अरूहरूले पनि उनले गरेजस्तै गर्न सक्नुपर्छ। यदि तपाईंले अगुवाको जस्तै गर्न सक्नुभएन वा त्यसो गर्न ढीला गर्नुभयो भने, तब तपाईंले खेलमा हार्नुहुन्छ। यस्तो खेलचाहिँ देखासिकी गर्नेमा भर पर्छ। हामीले हाम्रा प्रभुको अनुकरण गर्नुपर्छ भनी बाइबलले हामीलाई सिकाउँछ।

> मेरो अनुकरण गर्ने होओ, जसरी म ख्रीष्टको अनुकरण गर्दछु (१ कोरिन्थी ११:१)।
> ख्रीष्ट येशूको जस्तै प्रवृत्ति तपाईंको पनि हुनुपर्छः उहाँ नम्र हुनुहुन्थ्यो र आज्ञाकारिताको मार्गमा हिँड्नुभयो (फिलिप्पी २:५,८)।

आफू आज्ञाकारिताको मार्गमा हिँड़ेर आफ्ना कार्यहरूद्वारा नै येशूले आफ्नो चरित्र प्रदर्शन गर्नुभयो। "येशू सुकर्म गर्दै र... निको पार्दै हिँड्नुभयो, किनकि परमेश्वर उहाँको साथमा हुनुहुन्थ्यो" भनी पत्रसले आफ्नो प्रचारमा उल्लेख गरेका छन् (प्रेरित १०:३८)। पत्रस येशूसँगै रहेका हुनाले येशूको चरित्रको बारेमा उनलाई थाहा थियो।



जब महासभाका सदस्यहरूले पत्रस र योआनेसको साहस देखे, र यिनीहरू अशिक्षित र साधारण मानिसहरू रहेछन्

> भनी थाहा पाए, तब तिनीहरू छक्क परे, र यिनीहरू येशूको साथमा रहन्थे भन्ने कुरा तिनीहरूले थाहा पाए (प्रेरित ४:१३)।

तपाईंको बाइबल पढ्नु भनेको अर्थ के हो सो तपाईंले देख्नुभयो होला। येशूको बारेमा भएका घटनाहरू जान्नको लागि मात्र तपाईंले सुसमाचार पढ्नुपर्ने होइन। तपाईंभित्र हुनुभएका परमेश्वरका आत्माको शक्तिद्वारा येशूका मार्गहरू जान्न र तिनीहरूलाई अनुकरण गर्न सक्नको निम्ति तपाईंले बाइबललाई अध्ययन गर्न आवश्यक छ। यसो गर्न सजिलो हुँदैन। येशूले पनि सजिलो जीवन जिउनुभएन। वास्तवमा भन्ने हो भने उहाँले हाम्रा निम्ति धेरै दुःख कष्टहरू भोग्नुभयो। पत्रसले यसोभन्दा उनलाई यो कुरा थाहा थियोः

> किनकि यसैको निम्ति तिमीहरू बोलाइएका हौ। ख्रीष्टले पनि तिमीहरूका निम्ति कष्ट भोग्नुभयो, अनि तिमीहरूका लागि एउटा उदाहरण छोड़िजानुभयो, र तिमीहरू उहाँकै पाइलामा हिँड्नुपर्छ (१ पत्रस २:२१)।

तपाईंले येशूको अनुकरण गर्नैपर्छ भन्ने कुरा के तपाईंलाई थाहा छ? उहाँ अति नै उदेकको हुनुहुन्छ। के तपाईं पनि उहाँजस्तै हुने आशा गर्नुहुन्छ? प्रत्येक दिन उहाँजस्तै भएको परमेश्वरले हामीलाई चाहनुहुन्छ, तर पौलसको जस्तै हामी-लाई पनि थाहा छ कि हामी अझै पनि उहाँजस्तो हुन सकेका छैनौं (फिलिप्पी ३:१२)। तर एक दिन हामी उहाँजस्तै हुनेछौं! परमेश्वरका सन्तान र तपाईंको निम्ति यहाँ अचम्मको प्रतिज्ञा छः

> प्रिय हो, अहिले हामी परमेश्वरका सन्तान हौं, र हामी के होऔंला, सो अहिलेसम्म प्रकट भएको छैन। यति जान्दछौं, कि जब उहाँ प्रकट हुनुहुन्छ, तब हामी उहाँजस्तै

हुनेछौं। किनकि उहाँ जस्तो हुनुहुन्छ हामी उहाँलाई त्यस्तै देख्नेछौं। अनि जस्तो उहाँ पवित्र हुनुहुन्छ, उहाँमाथि यो आशा राख्ने हरेक मानिसले आफूलाई पवित्र पार्छ (१ योआनेस ३:२-३)।

### तपाईंको अभ्यासको निम्ति

**५** येशूलाई अनुकरण गर्नको निम्ति हामीले गर्नैपर्ने कुराहरूको वर्णन गर्ने बयानहरूका अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्।

**क**) हामीले हाम्रा पूरै हृदयले परमेश्वरलाई प्रेम गर्नैपर्छ।

**ख**) हामीले गरीबहरूलाई सुसमाचार सुनाउनैपर्छ।

**ग**) सङ्कष्टमा परेकाहरूलाई हामीले सहायता गर्नैपर्छ।

**घ**) हामीले परमेश्वरका आत्मालाई हामीमा काम गर्न दिनैपर्छ।

**ङ**) हामीहरू सबै सिकर्मी बन्नैपर्छ।

**६** १ कोरिन्थी ११:१-लाई फेरि पढ्नुहोस्। अरूहरूले कसरी तपाईंको अनुकरण गर्न सक्छन् सो कुरा देखाउनुहोस् भनी पवित्र आत्मासँग प्रार्थना गर्नुहोस्, किनभने तपाईंले पनि ख्रीष्टको अनुकरण गरिरहनुभएको छ। के-के कुराहरूमा अझसम्म तपाईंले ख्रीष्टको अनुकरण गर्न सक्नुभएको छैन सो देखाउनुहोस् भनी पवित्र आत्मासँग बिन्ती गर्नुहोस्। तपाईंलाई क्षमा दिन र तपाईं परिवर्तन हुनको निम्ति तपाईंलाई सहायता पुऱ्याउनको लागि परमेश्वरसँग प्रार्थना

गर्नुहोस्। यी कुराहरूलाई आफ्नो अभ्यास-पुस्तिकामा सूची बनाउनुहोस् र तपाईं दिनदिनै येशूजस्तो हुनको निम्ति दैनिक प्रार्थना गर्नुहोस्। तपाईंले ख्रीष्टलाई अनुकरण नगर्नुभएको क्षेत्रमा पवित्र आत्माले तपाईंलाई परिवर्तन हुन सहायता गर्नुभएको विषयको मुनि धर्को तानी उहाँले तपाईंलाई सिक्नमा सहायता गर्नुभएको कुरा लेख्नुहोस्।

## तपाईंलाई अगुवाइ गर्नको निम्ति पवित्र आत्मा

उद्देश्य ४ *अझै ख्रीष्टको जस्तो जीवनमा तपाईंलाई अगुवाइ गर्नको लागि पवित्र आत्माको कामको वर्णन गर्नुहोस्।*

येशूको बारेका धेरै सत्यताहरू जान्ने व्यक्तिहरू आज संसारमा धेरै छन्। तिनीहरूले येशूलाई चाहिँ आफ्ना जीवनमा अनुकरण गर्न सकेका छैनन्। येशूलाई आफ्नो जीवनमा मुक्तिदाताको रूपमा ग्रहण गरी ख्रीष्टियान बन्नुपर्छ भन्ने कुराको आवश्यकताचाहिँ तिनीहरू देख्दैनन्। त्योचाहिँ त साइकलमा नै नचढी साइकल चलाउने कोशिश गर्नुजस्तो हो। कोशिश नगरीकन कुनै पनि काम गर्न सकिँदैन। येशूजस्तो हुनको लागि तपाईं सबैभन्दा पहिले परमेश्वरको बालक बन्नुपर्छ।

परमेश्वरका धेरै सन्तानहरूले ख्रीष्टजस्ता हुनको निम्ति कहिल्यै उन्नति गरेका छैनन्। तिनीहरूलाई उही पुराना पापहरू र खराब बानीहरूले अधीन गरिरहेको देखिन्छ। तिनीहरू इमानदारसाथ पश्चात्ताप गर्छन्, तर लगातार रूपमा पतन भइरहन्छन्। आफ्नो साइकलबाट घरीघरी लड्ने नयाँ चालक-जस्तै तिनीहरू हुन्छन्। किन? किनभने आफ्ना निपुण गुरु-को सहायताविना उनी आफ्नो सन्तुलन कायम राख्न असक्षम हुन्छन्।

हामीलाई सहायता पुऱ्याउनको निम्ति उपलब्ध हुनुभएका निपुण गुरुहरूका निम्ति हामी परमेश्वरलाई धन्यवाद चढ़ाउँछौं। यदि हामी परमेश्वरका बालक हौं भने हाम्रा गुरु हामीभित्रै हुनुहुन्छ। उहाँ परमेश्वरका पवित्र आत्मा हुनुहुन्छ। परमेश्वरका आत्मा हाम्रा विश्वासयोग्य मित्र र सहायककर्ता हुनुहुन्छ। तब हामी कसरी पतन हुन्छौं त? पवित्र आत्माले हामीलाई दिनुहुने सहायतालाई इन्कार गरेर। गुरुले सिक्ने व्यक्तिको साइकललाई समातेजस्तै हामीलाई पनि हरेक दिन समात्नको निम्ति हामीले उहाँसँग बिन्ती गर्नुपर्छ। तब प्रत्येक दिन येशूजस्तै बन्ने निश्चयता लिएर हामी अगाड़ि बढ्नेछौं।

येशूका चेलाहरू तीन वर्षसम्म उहाँका पछि लागे। येशूले तिनीहरूलाई धेरै कुराहरू सिकाउनुभयो र तिनीहरूलाई आफ्नो उदाहरण पनि देखाउनुभयो। तर आफू गइसकेपछि पनि तिनीहरूलाई सहायताको आवश्यकता पर्छ भन्ने कुरा उहाँलाई थाहा थियो। त्यसैकारण उहाँले प्रतिज्ञा गर्नुभयोः

> जब सल्लाहकार आउनुहुन्छ, जसलाई म पिताको तर्फबाट तिमीहरूकहाँ पठाइदिनेछु, अर्थात् सत्यका आत्मा, जो पिताबाट आउनुहुन्छ, उहाँले नै मेरो विषयमा गवाही दिनुहुनेछ (योआनेस १५:२६)।

परमेश्वर पिता र परमेश्वर पुत्रका बारेमा अझै प्रकट गर्नलाई हाम्रा सहायककर्ता हामीभित्र रहनुहुन्छ। हामीलाई सरसल्लाह दिएर उहाँले हामीलाई सहायता गर्नुहुन्छ। उहाँले बाइबलका वचनहरू लिएर हाम्रा निम्ति अझै वास्तविक बनाइदिनुहुन्छ। केही समय पहिले येशूले यसरी भन्नुभयोः

> तर सल्लाहकार, अर्थात् पवित्र आत्मा जसलाई पिताले मेरो नाउँमा पठाउनुहुनेछ, उहाँले तिमीहरूलाई सबै कुरा सिकाउनुहुनेछ, र मैले तिमीहरूलाई भनेका सबै

कुरा तिमीहरूलाई याद दिलाउनुहुनेछ (योआनेस १४: २६)।

पवित्र आत्माले सिकाउनुहुन्छ, तर हामीले सिकेका कुराहरूलाई पनि उहाँले याद दिलाउनुहुन्छ। हामीलाई आवश्यक परेको बेलामा उहाँले पवित्र-शास्त्रका कुराहरूलाई हाम्रा मनमा ल्याइदिनुहुन्छ। हामी कठीन परिस्थितिहरूमा भएको बेला, हामीले जे भन्नुपर्ने हो सो उहाँले हामीलाई बताउनुहुन्छ (मर्कूस १३:११)। उहाँको काम हामीलाई सबै सत्यतामा डोऱ्याउनु हो (योआनेस १६:१३), र हामीले कसरी जिउनुपर्छ भन्ने कुरा पनि यसमा समावेश गरिएको हुन्छ। हामी पवित्र आत्माको सहायताद्वारा हाम्रा मानव अभिलाषाहरूमाथि विजय प्राप्त गर्न सक्छौं। पवित्र आत्माको अगुवाइ र सहायताको पछि हामी लाग्यौं भने मात्र हामीमा परमेश्वरको चरित्र देखिन सक्छ। यस विषयमा प्रेरित पौलसले लेखेका कुरालाई ध्यानपूर्वक पढ्नुहोस्ः

> तर पवित्र आत्माको फलचाहिँ प्रेम, आनन्द, शान्ति, धैर्य, दया, भलाइ, विश्वस्तता, नम्रता, संयम हुन्। यस्ता कुराहरूका विरुद्धमा कुनै व्यवस्था छैन। हामी पवित्र आत्माद्वारा जिउँछौं भने आत्माकै अनुसार हिँड़ौं (गलाती ५:२२-२३,२५)।

पवित्र आत्माले हाम्रा जीवनलाई *अधीन* गर्नैपर्छ। यसको अर्थचाहिँ अब हामीले कुनै प्रयास गर्नैपर्दैन भन्ने हो र? यस्तो ता अवश्य पनि होइन। यसको अर्थ यही हुन्छ कि हामीले परमेश्वरको बाटोलाई इन्कार गर्ने कोशिश गर्नुहुँदैन। हामीले हाम्रा प्रवृत्ति र कार्यहरूका बारेमा विचार गर्नैपर्छ र ती ख्रीष्टका जस्तै होऊन् भनी पवित्र आत्मासँग बिन्ती गर्नुपर्छ। यसरी नै उहाँले सबै सत्यतामा *डोऱ्याउनुहुन्छ।*

के तपाईंलाई यो कुरा गाह्रोजस्तो देखिन्छ? परमेश्वरले तपाईंमा के गरिसक्नुभएको छ एक पल्ट सो विचार गर्नुहोस्। ख्रीष्टियान बन्नका निम्ति तपाईंलाई पवित्र आत्माले नै सहायता गर्नुभएको हो। पवित्र आत्माले तपाईंलाई *जीवन* दिनुभयो। उहाँको शक्तिद्वारा नै तपाईं परमेश्वरका बालक बन्नुभयो। परमेश्वर सत्य हुनुहुन्छ र उहाँले तपाईंका पापहरू क्षमा दिनुभयो भन्ने कुरा तपाईंले अनुभव गर्नुभएको छ। तपाईंको विवेकलाई नयाँ तुल्याइएको छ। जिउनको निम्ति तपाईंलाई उद्देश्य दिइएको छ। हरेक दिन परमेश्वर पिताले तपाईंका प्रार्थनाहरूको उत्तर दिइरहनुभएको छ। परमेश्वर कस्तो हुनुहुन्छ भन्ने विषयमा यी कुराहरूबाट तपाईंले धेरै सिकिरहनुभएको छ। यी सबै हुनुको कारणचाहिँ पवित्र आत्माले तपाईंमा काम गरिरहनुभएको छ। केवल तपाईंमा मात्र होइन तर तपाईंका ख्रीष्टियान दाजु-भाइ तथा दिदी-बहिनीहरूमा पनि उहाँले काम गरिरहनुभएको छ।

हामी असफल हुन्छौं भन्ने कुरामा डराउनुपर्ने कुनै कारण नै छैन। बाइबलले हामीलाई बताएको कुरालाई हामी व्यक्तिगत अनुभवद्वारा जान्न सक्छौंः

> किनभने सबै, जो परमेश्वरका आत्माले डोऱ्याइएका हुन्छन्, तिनीहरू नै परमेश्वरका सन्तान हुन्। किनभने फेरि डरमा पर्नलाई दासत्वको आत्मा तिमीहरूले पाएका छैनौ तर तिमीहरूले धर्मपुत्र हुने आत्मा पाएका छौ। यसैले जब हामी परमेश्वरलाई "अब्बा, पिता" भनी पुकार्छौं, त्योचाहिँ हामी परमेश्वरका सन्तान हौं भनी पवित्र आत्माले हाम्रा आत्मासँग गवाही दिनुभएको हो (रोमी ८:१४-१६)।

## तपाईंको अभ्यासको निम्ति

७ यस खण्डमा प्रयोग गरिएका बाइबलका पदहरूलाई पढ्नुहोस्। हामीलाई यो सत्यता बताउने प्रत्येक बाइबल पदलाई दिइएको बयानको मुनिपट्टि लेख्नुहोस्।

**क**) आत्माले अगुवाइ गर्नुहुन्छ।

..........................................................................

**ख**) आत्माले हामीलाई जीवन दिनुभएको छ।

..........................................................................

**ग**) आत्माले परमेश्वरको बारेको सत्यता प्रकट गर्नुहुन्छ।

..........................................................................

**घ**) ख्रीष्टका वचनहरू याद गर्नलाई आत्माले हामीलाई सहायता गर्नुहुन्छ।

..........................................................................

**ङ**) आत्माले ख्रीष्टको जस्तो चरित्र हामीमा उत्पादन गर्नुहुन्छ।

..........................................................................

८ पौलसले यो प्रार्थना गरे र हामी पनि तपाईंको निम्ति यही प्रार्थना गर्छौं। तलको खाली ठाउँमा आफ्नो नाम लेख्नुहोस् र आफै प्रार्थना गर्नुहोस्।

म ........................ प्रार्थना गरिरहन्छु, कि हाम्रा प्रभु येशू ख्रीष्टका परमेश्वर, महिमाका पिताले ............ लाई उहाँको विषयको ज्ञानमा बुद्धि र प्रकाशको आत्मा देऊन्।

म .................... यो पनि प्रार्थना गर्दछु, कि ...................... को हृदयका आँखा उज्यालो होस् र कुन आशाको निम्ति उहाँले .............. लाई बोलाउनुभएको छ, र सन्तहरूमा उहाँको महिमित उत्तराधिकारको सम्पत्ति के हो सो..........ले जान्न सकोस्। अनि हामी विश्वास गर्नेहरूका निम्ति उहाँको शक्तिको असीम महानता के हो, सो ................................ जान्न सकोस् (एफिसी १:१७-१९)।

## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

५. **क** हामीले हाम्रा परमेश्वरलाई पूरै हृदयले प्रेम गर्नैपर्छ।
**ख** हामीले गरीबहरूलाई असल समाचार सुनाउनैपर्छ।
**ग** सङ्कष्टमा परेकाहरूलाई हामीले सहायता गर्नैपर्छ।
**घ** हामीले परमेश्वरका आत्मालाई हामीमा काम गर्न दिनैपर्छ।

१. **ख** ख्रीष्टले ख्रीष्टियानहरूका विवेकलाई नयाँ पार्नुहुन्छ।
**ग** नयाँ पारिएको विवेक पवित्र आत्माको साधन हो।
**ङ** ख्रीष्टियानको स्वच्छ विवेक हुनैपर्छ।

६. तपाईंको उत्तर।

२. तपाईंको उत्तर।

७. **क** रोमी ८:१४
**ख** गलाती ५:२५
**ग** योआनेस १५:२६
**घ** योआनेस १४:२६
**ङ** गलाती ५:२२-२३

३. **क** ठीक
**ख** ठीक
**ग** ठीक
**घ** बेठीक
**ङ** ठीक

८. खाली ठाउँमा तपाईंको नाम लेखिएको हुनुपर्छ।

४. तपाईंको उत्तर।